
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन १ गते मंगलबार ❑ 16 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## नवनियुक्त प्रधानमन्त्री ओलीद्वारा शपथ ग्रहण

**रासस**
काठमाडौं, ३१ असार



राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीलाई सोमबार प्रधानमन्त्री पदको पद तथा गोपनीयताको शपथ गराउनुभएको छ।

नवनियुक्त प्रधानमन्त्री ओलीले सोमबार बिहान राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको हो । समारोहमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, झलनाथ खनाल र डा बाबुराम भट्टराईसहित विभिन्न राजनीतिक दलका नेताहरू, सांसद, नेपाल सरकारका विशिष्ट अधिकारी, सुरक्षा निकायका प्रमुख, नेपालस्थित विदेशी कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि तथा सामाजिक जीवनका विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका विशिष्ट व्यक्तित्वहरूको सहभागिता थियो । राष्ट्रपति पौडेलले आइतबार नेपालको संविधानको धारा, ७६ (२) बमोजिम नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) को समर्थनमा एमालेका अध्यक्ष ओलीलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको थियो । प्रतिनिधिसभाका दुई ठूला राजनीतिक दल कांग्रेस र एमालेबीच यही असार १७ गते भएको सहमतिसँगै अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त हुनुभएको हो।

यसै गरी राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त उपप्रधानमन्त्री प्रकाशमान सिंह र विष्णुप्रसाद पौडेललाई सोमबार पद तथा गोपनीयताको शपथ गराउनुभएको छ । नवनियुक्त उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री सिंह र उप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको हो।

सो अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त १९ मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ। नवनियुक्त सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ, गृहमन्त्री रमेश लेखक, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्‌सिंह भण्डारी, परराष्ट्रमन्त्री डा आरजु राणा, खानेपानीमन्त्री प्रदीप यादव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले पद तथा गोपनीयताको शपथ लिनुभएको हो । यसैगरी, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, रक्षामन्त्री मानवीर राई, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले पद तथा गोपनीयताको शपथ लिनुभएको हो।

## 'विपद् व्यवस्थापनमा सामूहिक प्रयास आवश्यक'

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार



गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विपद् व्यवस्थापमा सामूहिक प्रयास आवश्यक हुने बताउनुभएको छ।

मनसुन सुरु भएपश्चात् गण्डकी प्रदेशमा बाढीपहिरोलगायत विपद्का कारण भएको क्षति, राहत वितरण, उद्धार, उपचार, पुनःस्थापनालगायतका विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा सोमबार भएको छलफलमा उहाँले विपद्को जोखिम अझै रहेकाले सावधानी अपनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले उद्धार, राहत र पुनःस्थापनमा सबैले आआफ्नो क्षेत्रबाट जिम्मेवारीपूर्वक काम गर्नुपर्ने उल्लेख गर्नुभयो। गण्डकी प्रदेशभित्र विपद्को उच्च जोखिम रहेको र विगत वर्षभन्दा यस वर्ष धेरै क्षति बेहोर्नु परेकाले सबै संवेदनशील हुन जरुरी रहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले मनसुन अझै सक्रिय भएका सचेत रहन सर्वसाधारणलाई आग्रह गर्नुभयो।

स्थानीय र सङ्घीय सरकारसँगको सहकार्य र समन्वयमा प्रदेश सरकारले पनि विपद् व्यवस्थापनका काम गर्दै आएको उहाँको भनाइ छ। विपद्का कारण क्षति बेहोर्नुपरेका, ज्यान गुमाएकाको परिवारलाई प्रदेश सरकारले दिने राहत जिल्ला प्रशासन कार्यालयबाट वितरण भइरहेको र सहज प्रक्रियाबाट तत्कालै वितरण गर्न उहाँले निर्देशन दिनुभयो।
विपद्का बारेमा सचेतना जगाउँदै सर्वसाधारण नागरिकलाई जागरुक बनाउन सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका हुने भएकाले सञ्चार क्षेत्रलाई यस विषयमा केन्द्रित रहेर प्रकाशन प्रसारण गर्न उहाँले अनुरोध गर्नुभयो । विपद् को अवस्थामा आपत्कालीन खोज, उद्धार, राहतलगायतलाई थप प्रभावकारी बनाउन गण्डकी प्रदेश सरकारका सबै मन्त्रालय, आयोग, निकाय र स्थानीय तहमा रहेका विपद् उद्धारमा प्रयोग गर्न सकिने सवारी साधन एवम् एम्बुलेन्सलाई समन्वयात्मक रुपमा परिचालन गर्ने र यसका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्बन्धित सबै निकायमा अनुरोध गर्ने निर्णय गरिएको छ। मनसुनजन्य विपद्को सम्भावित अवधिभर खानेपानी र सिँचाइ र पूर्वाधार विकास र स्वास्थ्य आदि विषयगत प्रदेश सरकार मातहतका मन्त्रालय र निर्देशनालय र निकाय तथा जिल्लास्तरका कार्यालय प्रमुखले सम्बन्धित मन्त्रालयका सचिव एवं सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अनुमतिबिना कार्यक्षेत्र नछोड्न लेखी पठाउने निर्णय गरिएको छ । विपद्को सम्भावित क्षेत्रको भौगोलिक अध्ययनकालागिभूगर्वविद्सहितको टोलीलाई खटाइदिन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा लेखी पठाउने र यससँग सम्बन्धित टोली परिचालनको समयमा सडक, खानेपानी तथा सरसफाइ हेर्नेलगायत प्रदेश र जिल्लास्थित कार्यालयले आवश्यक समन्वय गर्ने निर्णय गरिएको छ। मनसुनजन्य विपद्का कारण सडक पूर्वाधार, खानेपानी तथा सिँचाइका संरचनामा पुगेको क्षति र मर्मतसम्भारसम्बन्धी विवरण सम्बन्धित मन्त्रालयले तयारगरी आवश्यकतानुसार मर्मतसम्भार एवं पुनःनिर्माण गर्ने निर्णय गरिएको छ। मनसुनजन्य विपद्बाट भएको र हुनसक्ने क्षतिलाई तत्काल न्यूनीकरण गर्न आपत्कालीन रुपमा प्रयोग गर्नुपर्ने पाइप, तारजाली तथा अन्य सार्वजनिक निर्माणलगायत विपद् व्यवस्थापनसँग सम्बन्धित कार्यको खरिद प्रक्रिया यथासम्भव छिटोछरितो रुपमा सम्पन्न गर्न तयारी अवस्थामा रहने बैठकको निर्णय छ।

## नयाँ शिक्षा ऐन निर्माण प्राथमिकतामा: शिक्षामन्त्री भट्टराई

**रासस**
काठमाडौं, ३१ असार



नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शिक्षा ऐन निर्माणलाई प्राथमिकता दिने बताउनुभएको छ।

सिंहदरबारस्थित मन्त्रालयमा आज पदभार ग्रहण गर्दै उहाँले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा रहेको ऐनलाई छिटोभन्दा छिटो टुङ्गोमा पुर्‍याइ हाल देखिएका समस्या समाधान गर्ने बताउनुभयो। पदभार ग्रहण गर्दै उहाँले स्थानीय आवश्यकतामा आधारित विद्यालय पोषण प्रारुप विकास कार्यक्रम कार्यान्वयनसम्बन्धी पहिलो निर्णय गर्नुभयो। उहाँले उक्त कार्यक्रममा आगामी आर्थिक वर्षका लागि विनियोजित बजेट कार्यान्वयनका लागि मन्त्रालयको विद्यालय शिक्षा महाशाखा हेर्ने सहसचिवको संयोजकत्वमा कृषि तथा पशुपक्षी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधि सम्मिलित समिति गठन गर्ने निर्णय गर्नुभयो।

त्यसअवसरमा उहाँले सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर सुधारमा आफू केन्द्रित रहने समेत उल्लेख गर्नुभयो । "सामुदायिक विद्यालयको शिक्षा गुणस्तरीय छैन, सार्वजनिक शिक्षाप्रति आकर्षण बढाउने गरी काम गर्ने मेरो दायित्व हो", उहाँले भन्नुभयो। उहाँले विश्वविद्यालयको शिक्षाप्रतिको आकर्षण पनि घट्दै गएको उल्लेख गर्दै भन्नुभयो, "विश्वविद्यालयमा शैक्षिक पात्रो निर्माण गरी त्यसको कार्यान्वयनमा जोड दिने छु, साथै युवामा नेपालका विश्वविद्यालयमा पढेर स्वदेशमै काम गर्छु भन्ने विश्वास दिलाउने गरी काम गर्ने छु।" बुबा हेमराज भट्टराई र आमा टोपकुमारी भट्टराईको कोखबाट विसं २०२९ सालमा जन्मनुभएकी भट्टराई विसं २०४६ सालबाट विद्यार्थी आन्दोलनमा सक्रिय हुनुभएको हो। पद्मकन्या क्याम्पसमा अध्ययन गर्दा विद्यार्थी आन्दोलनमा उहाँ होमिनु भएकी उहाँ विसं २०५० सालमा अनेरास्ववियु महिला विभाग प्रमुख भएर उहाँले काम गरिसक्नु भएको छ। उहाँले विसं २०५५ मा अनेरास्ववियुको केन्द्रीय सचिवको जिम्मेवारी लिएर काम गरिसक्नुभएको छ। उहाँ विद्यार्थी आन्दोलनमा छँदै प्राध्यापनमा लाग्नुभएको थियो । विसं २०७२ सालदेखि रत्नराज्य क्याम्पसमा उहाँले स्थायी रुपमा उपप्राध्यापकको जागिर सुरु गर्नु भएको थियो। विसं २०७५ साल फागुनमा हेलिकोप्टर दुर्घटनामा परी उहाँका श्रीमान् तत्कालिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्रप्रसाद अधिकारीको असामयिक निधनपछि रिक्त भएको कास्की-२ को उपनिर्वाचन र २०७९ सालमा भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा निर्वाचित हुनुभएको थियो । उहाँ शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सदस्यसमेत हुनुहुन्छ।

## विमानस्थललाई हेरेर लगानी गरेका पोखराका पर्यटन व्यवसायी निरास


**रामबहादुर थापा**
पोखरा, ३१ असार/रासस

उद्घाटन भएको डेढ वर्ष बितिसक्दासमेत पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तरदेशीय उडान हुन सकेको छैन। झण्डै रु २२ अर्ब ऋणमा बनेको सो विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुन नसक्दा राज्यलाई आर्थिक भार मात्र थपिएको छैन विमानस्थललाई हेरेर लगानी गरेका पर्यटन व्यवसायीसमेत मारमा परेका छन्।

पर्यटकीय राजधानी पोखरा अन्तर्राष्ट्रिय हवाई सञ्जालमा जोडिएर ठूलो सङ्ख्यामा विदेशी पर्यटक भित्रने आशमा रहेका पर्यटन व्यवसायी विमानस्थलबाट अन्तरर्ाष्ट्रिय उडान हुन नसक्दा अहिले निराश बनेका छन्। पोखरा पर्यटन परिषद्काअध्यक्षपोमनारायणश्रेष्ठले विमानस्थल बनेपछि पोखराको पर्यटनमा झण्डै रु एक खर्ब लगानी थपिएको बताउनुभयो। "पोखराको पर्यटन क्षेत्रमा करिब रु छ खर्बको लगानी रहेको अनुमान छ, अहिले पनि तारे होटल धमाधम बनिरहेका छन्, विमानस्थललाई हेरेर लगानी गरेका होटल व्यवसायी अहिले समस्यामा निराश छन्", उहाँले भन्नुभयो, "सरकारले जतिसक्दो चाँडो पोखराबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन गरोस् भन्ने हाम्रो माग छ।" पोखरा र सिङ्गो गण्डकी प्रदेशको समृद्धिको आधार मानिएको पोखरा अन्तरर्ाष्ट्रिय विमानस्थललाई पूर्णरुपमा सञ्चालनमा ल्याउन सके पर्यटकीय राजधानी पोखराले पर्यटनमा ठूलो फड्को मार्ने अध्यक्ष श्रेष्ठले बताउनुभयो। पर्यटन व्यवसायी गोपी भट्टराईले विमानस्थल बनेको लामो समयसम्म अन्तर्राष्ट्रिय उडानका लागि सरकारले पहल गर्न नसकेका दुःख व्यक्त गर्नुभयो।

"विमानस्थल बन्दा पोखरेलीहरु हर्षित र उत्साहित भएका थियौं तर डेढ वर्ष बितिसक्दा पनि अन्तर

बाँकी अन्तिम पृष्ठमा ▶▶

# किसानलाई अनुदान भन्दा सहुलियत ऋणको माग

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ३१ असार

स्याङ्जाका किसानले अनुदानमा रकम बाड्न भन्दा सहुलियत ऋणको व्यवस्था गर्न माग गरेका छन् । अनुदानका कार्यक्रमले बिकृति निम्तिएको भन्दै स्याङ्जाका किसानहरुले सहुलियतदरमा ऋणको व्यवस्था गर्न माग गरेका हुन् ।

भेटरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र स्याङ्जाले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा अधिकांश पशु किसानहरुले अनुदानले किसानलाई फाइदा नपुगेको भन्दै सहुलियतदरमा ऋण प्रवाह गर्ने व्यवस्था लागु गर्न माग गरेका थिए । अनुदानका कार्यक्रमले किसान–किसान बिच हुने विभेद र भोले किसानलाई मात्रै फाइदा हुने गरेको आरोप उनीहरुको थियो । स्थानीयतह मार्फत किसानहरुलाई बिना ब्याज तथा सहुलियत दरमा मापदण्ड निर्माण गरी ऋण प्रवाह गरेमा राम्रो हुने किसानहरुको भनाई थियो । जसले गर्दा भोले र बिचौलीय किसानहरु मौलाउने कार्य बन्द हुने अधिकांश किसानहरुले जोड दिए । पशुपालन व्यवसायमा नयाँ प्रविधि भित्र्याउनु पर्ने माग समेत उनीहरुले राखेका छन् । घासँ काट्ने मेसिन, हरियो घाँस भण्डारण कक्ष लगायतमा नयाँ प्रविधि भित्राउन सकियो भने पशुपालनबाट फाईदा लिन सकिनेमा पशु किसानहरुको जोड थियो ।

पशुपालक किसान राजेन्द्र मरासिनी, कमला अर्याल, भिम लुईटेल, युवराज केसी, शेषकान्त सुवेदी, भुवन मल्ल, टिकाराम पौडेल, मेघनाथ पौडेल लगायतका किसानहरुले समस्या र समाधानका बिषयमा सुझाव दिएका थिए । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्याङ्जाले चालु आर्थिक वर्षमा संचालित कार्यक्रमहरुको बारेमा जानकारी दिने उद्देश्यले पशुपालक किसानहरुलाई सार्वजानिक सुनुवाई गरिएको थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख श्रीप्रसाद जिटिले परम्परागत रुपमा भन्दा व्यवसायिक रुपमा फराकिलो ढंगले कृषि व्यवसाय गर्नुपर्नेमा जोड दिए । सामुहिक रुपमा धेरै पुँजी लगानी गरेर व्यवसाय संचालन गर्न सकिने भन्दै कृषि उपजको बजारीकरणमा विचौलियाको हाबीलाई अन्त्य गर्नुपर्नेमा प्रमुख जिटीको जोड छ । कृषकको समृद्धिले मात्र मुलुक तथा स्थानीयतह समृद्ध हुन सक्ने भएकाले कृषि उत्पादकत्वमा जोड दिनुपर्ने बताउदै प्रमुख जिटीले कृषकहरुको हितमा काम गर्न सबै बिषयगत कार्यालयलाई आग्रह गरे । कार्यक्रममा कार्यालय प्रमुख रुपेश श्रेष्ठले कार्यालयले चालु आर्थिक वर्षमा गरेका कार्यप्रगतिका विषयमा कार्यपत्र पेश गरेका थिए । २ लाख ५३ हजार २४ जनसंख्या रहेको स्याङ्जामा ६८ हजार ९ सय २३ घरधुरी रहेका छन् । ति घरधुरी मध्ये ४५ हजार २ सय १२ घरधुरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा पशुपालनमा लागेको कार्यालयको तथ्यांक छ । १ लाख १ हजार ६ सय ४९ हेक्टर क्षेत्रफल रहेको स्याङ्जामा ३२ हजार ४ सय ५० हेक्टर खेतियोग्य जमिन रहेको छ भने २० हजार ७ सय ३३ हेक्टर वनजंगलले ओगटेको छ । त्यस्तै ४ हजार ४५८.९४ हेक्टर चरन क्षेत्र रहेको छ । स्याङ्जा दुध, अण्डा र मासुमा आत्मनिर्भर रहेको केन्द्रको तथ्यांकले देखाएको छ । प्रतिव्यक्ति ९१ लिटर दुध हरेक वर्ष आवश्यक रहेकोमा स्याङ्जामा प्रतिव्यक्ति ११२ लिटर दुध उपलब्ध हुदै आएको तथ्याङ्कले दिए । त्यस्तै प्रतिव्यक्ति १४ केजी मासु आवश्यक पर्नेमा स्याङ्जामा १४ केजी नै उत्पादन हुने गरेको छ । यो परिणाम हरेक वर्षका लागी हो । त्यस्तै ४८ अण्डा प्रतिव्यक्ति आवश्यक पर्नेमा २३१ गोटा अण्डा उपलब्ध रहेको केन्द्रका प्रमुख डा.श्रेष्ठले प्रस्तुत गरेको कार्यपत्रमा उल्लेख गरिएको छ ।

# पहिरोपीडित परिवारलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

जिल्ला प्रशासन कार्यालय कास्कीले यही असार २७ गते पहिरोमा परी मृत्यु भएकाहरूको परिवारलाई सहयोग प्रदान गरेको छ ।

पोखरा महानगरपालिका-१९ पुरुनचौर तल्लाकोटमा कुलबहादुर परियारको घर पहिरोमा पुरिँदा एकै परिवारका ६ सहित सात जनाको मृत्यु भएको थियो । प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको नेतृत्वमा जिल्ला सुरक्षा समितिका पदाधिकारी घटनास्थलमा पुगेर सो रकम प्रदान गर्नुभएको हो । पहिरोमा परी मृत्यु भएका कुलबहादुर परियार, लक्षिमा परियार, मनकुमारी परियार र प्रश्ना परियारका परिवारलाई जिल्ला विपद् व्यवस्थापन कोषबाट रु पाँच लाख तथा गण्डकी प्रदेश सरकारबाट रु दुई लाख प्रदान गरिएको सहायक प्रमुख जिल्ला अधिकारी गङ्गाबहादुर क्षेत्रीले जानकारी दिनुभयो ।

पहिरोमा परेर कुलबहादुरका नाबालक छोरा पवन बाहेकका परिवारका अन्य सदस्यहरूको निधन भएकाले प्रदान गरिएको राहत रकम दुरुपयोग हुन नदिन उहाँको नाममा बैंक खाता खोलेर राख्ने व्यवस्था मिलाउन प्रजिअ पाण्डेले निर्देशन दिनुभयो । पहिरोले घर पूर्णरूपमा क्षति भएकाले आवास पुनःनिर्माण प्रक्रिया अघि बढाउन उहाँले वडा कार्यालयलाई निर्देशन दिनुभयो ।

यसैगरी सोही घटनामा परी मृत्यु भएका कुलबहादुरका बिबाहित छोरी प्रभा र ज्वाइँ अस्मित परियारको राहत रकम नजिकको हकदार आवश्यक कागजातसहित सम्पर्कमा आएपछि प्रदान गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# दमौलीमा ज्वरो र झाडापखालाका बिरामी बढे

**पोखरापत्र संवाददाता**
तनहुँ, ३१ असार

मौसम परिवर्तनसँगै गर्मी बढेकाले दमौली अस्पतालमा भाइरल ज्वरो र झाडापखालाका बिरामीको सङ्ख्या बढेको छ । अस्पतालले दिएको जानकारी अनुसार पछिल्लो केहीदिनयता मौसमी रुघाखोकी, ज्वरो, टाइफाइड, निमोनियालगाय बिरामीको सङ्ख्या बढेको हो ।

उपचारमा आउनेमध्ये रुघाखोकी, भाइरल ज्वरो र पखालाका बिरामी अधिकांश हुने गरेका दमौली अस्पतालका प्रमुख डा परिवर्तन बरालले जानकारी दिनुभयो । उहाँका अनुसार दैनिक तीन सयभन्दा बढी बिरामी उपचारका लागि आउने गरेका छन् ।

वर्षायाम र खेती लगाउने समय भएकाले एक सातादेखि बिरामीको सङ्ख्या घटेको छ, तर उपचारका लागि आउने अधिकांशमा मौसमी ज्वरो, रुघाखोकीको समस्या देखिएको छ", डा बरालले भन्नुभयो "अन्य समयमा चार सयभन्दा बढी बिरामी आउने गर्दछन् ।"

मौसमी सङ्क्रमणबाट जोगिन बिरामीले पानी उमालेर प्रशस्त मात्रामा पिउने, शरीरमा पानी तथा झोलिलो खानेकुरा बढी सेवन गर्ने, आराम गर्ने, र ज्वरो आएको अवस्थामा सिटामोल वा चिकित्सकको सल्लाहमा औषधि सेवन गर्नुपर्ने डा बरालले जानकारी दिनुभयो ।

अस्पतालमा सेवा सुविधा प्रभावकारी भएसँगै तनहुँसहित छिमेकी जिल्ला गोरखा, लमजुङ र कास्कीका केही स्थानबाट बिरामी उपचारका लागि आउने गरेका छन् । टाइफाइड खानेपानी र खानाबाट सर्ने भएकाले सफा पानी पिउन र स्वस्थ्यकर खाना खान बिरामीलाई सुझाव दिइएको चिकित्सक बताउँछन् ।

मौसमी रुघाखोकी लागेका व्यक्तिलाई निको हुन कम्तिमा एक हप्तादेखि दुई हप्तासम्म लाग्नसक्ने अस्पतालका सूचना अधिकारी एवं डा कमल भण्डारीले जानकारी दिनुभयो । जिल्लामा पछिल्ला समय डेङ्गुका बिरामी देखिएका छैनन्", उहाँले भन्नुभयो, "लामखुट्टेको टोकाइबाट बच्न सतर्कतासँगै सरसफाइमा ध्यान दिनुपर्छ । पानी जम्ने खाल्डाखुल्डी घर वरपर नराख्ने, नियमित झुलको प्रयोग गर्नेलगायत उपाय अपनाउन सकिन्छ ।" जिल्लाका अन्य मेडिकल तथा निजी क्लिनिकमा पनि भाइरल ज्वरो र झाडापखालाका बिरामीको चाप बढ्दै गएको जनाइएको छ ।

# विमानस्थललाई ...

ष्ट्रिय उडान हुन नसक्दा हामी निराश छौं", उहाँले भन्नुभयो, "छिमेकी देश चीन र भारतसम्म उडान सेवा सुरु गर्न सकेपनि पोखरामा उल्लेख्य पर्यटक भित्राउन सकिन्छ ।" उहाँका अनुसार पोखरामा रहेको एक हजार दुई सयभन्दा बढी होटलमा दैनिक ४० हजार पर्यटक राख्न सक्ने क्षमता छ । नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष आनन्दराज मुल्मीले विमानस्थल बनाउने ५० वर्षदेखिको पोखरेलीको सपना पूरा भएपनि अन्तर्राष्ट्रिय उडान हुन नसक्नु दुःखद् भएको बताउनुभयो । सरकारले शीघ्र कुटनीतिक पहल सुरु गरेर अन्तरदेशीय उडान सुरु गर्नुपर्ने उहाँको सुझाव छ । अन्तर्राष्ट्रिय उडान नहुँदा विमानस्थलबारे अनेक टिकाटिप्पणी हुन थालेको भन्दै उहाँले विमानस्थल पूर्ण रुपमा सञ्चालनमा ढिलाइ गर्न नहुने बताउनुभयो । पोखराबाट अन्तर ष्ट्रिय उडान नभएसम्म पर्यटकीय राजधानीका रुपमा पोखराले यथोचित लाभ लिन नसक्ने उहाँले उल्लेख गर्नुभयो । गत हप्ता विमास्थलको अनुगमनका लागि आएको संसदीय उपसमितिसमक्ष परिषद्ले अन्तर्राष्ट्रिय उडानका लागि सम्बन्धमा मागपत्र बुझाएको थियो ।

सरकाको नीतिअनुसार उचित सहुलियत (प्याकेज) घोषणा गरी नियमित अन्तर्राष्ट्रिय उडान सुरु गर्न माग गरिएको परिषद्का अध्यक्ष श्रेष्ठले बताउनुभयो । पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान राष्ट्रिय ध्वजावहाक नेपाल एयरलाइन्सबाट सुरु गर्नुपर्ने उहाँको सुझाव थियो । उक्त मागपत्रमा पोखराबाट अन्तर्राष्ट्रिय उडान गर्न आवश्यक नीति, नियममा सहजीकरण गर्नुपर्ने, भारत र चीनका मुख्य सहरमा उडान गर्न राष्ट्रियस्तरका हवाई कम्पनीलाई अनुमति दिनुपर्नेलगायतका विषय समेटिएको छ ।

प्रतिनिधिसभा सदस्य राजेन्द्र लिङ्देनको संयोजकत्वमा गठित उक्त संसदीय उपसमितिले गत सोमबार विमानस्थल र रिठ्ठेपानी डाँडाको स्थलगत अनुगमन गरेको थियो । विमानस्थल निर्माणका क्रममा त्रुटि तथा अनियमितता भएको हुनसक्ने भन्दै सार्वजनिक लेखा समितिमा परेको उजुरीका आधारमा गठित उक्त अनियमितताका विषयमा छानविन प्रकृया अगाडि बढाइ कोही दोषी देखिए कारबाहीको दायरामा ल्याउने भएको छ । अन्तर्राष्ट्रिय उडान हुन नसक्नुका कारण खोजी गरी पोखराबाट अन्तर्राष्ट्रिय उडान सेवा सञ्चालनका लागिसमेत उपसमितिले पहल गर्ने जनाइएको छ । अध्ययनका क्रममा विमानस्थलमा भएको आर्थिक लगानी, विमानस्थल निर्माणको आवश्यकता र औचित्य, निर्माणमा भएका त्रुटि, विमानस्थल नियमित सञ्चालनका चुनौती, भावी कार्ययोजनालगायतका विषयमा छलफल गरिएको थियो ।

उक्त टोलीले विमानस्थल निर्माणका क्रममा काटिएको रिठ्ठेपानी डाँडाको पनि स्थलगत अनुगमन गरेको थियो । हवाइमार्गबाट देशका ठूला सहरसँग जोडिएको पोखराबाट अन्तर्राष्ट्रिय गन्तव्यमा भने उडान हुन नसकेको हो । वायुसेवा प्रदायक कम्पनीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सङ्घीय राजधानी काठमाडौं, भरतपुर, भैरहवालगायतका गन्तव्यमा आन्तरिक उडान गर्दै आएका छन् । सन् २०२३ को जनवरी १ मा तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विमानस्थलको उद्घाटन गर्नुभएको थियो ।

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**रासस**
काठमाडौं, ३१ असार

नेपाल आयल निगमले पेट्रोल तथा डिजेल र मट्टितेलको मूल्य बढाएको छ ।

निगमले आगामी साउन १ गते बिहान १ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर रु चार तथा डिजेल र मट्टितेलमा प्रतिलिटर रु तीनले वृद्धि गरेको हो । मूल्य बढेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा पेट्रोलको मूल्य प्रतिलिटर क्रमशः रु एक सय ६८ रुपैयाँ ५० पैसा, एक सय ७० र एक सय ७१ तथा डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर क्रमशः एक सय ५७ रुपैयाँ ५० पैसा, एक सय ५९ र एक सय ६० कायम भएको छ ।

पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दीपायल रहेका छन् । निगम सञ्चालक समितिको आजको बैठकले मूल्यवृद्धि गर्ने निर्णय गरेको प्रवक्ता मनोज ठाकुरले जानकारी दिनुभयो ।

इण्डियन आयल कर्पोरिशनबाट आज प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा प्रतिलिटर चार रुपैयाँ ४८ पैसा र डिजेलमा दुई रुपैयाँ ८३ पैसाले बढेर आएकाले स्थानीय बजारमा पेट्रोलियम पदार्थको मूल्य समायोजन गरिएको निगमले जनाएको छ । डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलिम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागू हुने निगमले जनाएको छ ।

# चन्दा सङ्कलन गरेर गाउँमा एम्बुलेन्स सञ्चालन

**पोखरापत्र संवाददाता**
लमजुङ, ३१ असार

यहाँ चन्दा सङ्कलन गरेर केही दिनदेखि एम्बुलेन्स सञ्चालन गरिएको छ । राइनास नगरपालिका-२ स्थित लालिगुराँस निर्माण क्लबको अगुवाइ तथा सगरमाथा आरोही नरेन्द्र शाहीको पहलमा चन्दा सङ्कलन गरेर भलायखर्क स्वास्थ्य चौकीमा ग १झ ६९४ नम्बरको एम्बुलेन्स सञ्चालनमा ल्याइएको हो । क्बलका अध्यक्ष एवं राइनास-२ का वडाध्यक्ष लक्ष्मण शाहीले चन्दा सङ्कलन गरेर उठेको रकमबाट गाउँमा एम्बुलेन्स सेवा सुरु गरिएको बताउनुभयो । एम्बुलेन्स खरिद गर्दा रु २० लाख १० हजार खर्च भएको बताउँदै एम्बुलेन्समा बत्तीसहित अन्य उपकरण जडान गर्दा रु चार लाख ३० हजार उहाँले जानकारी दिनुभयो ।

"स्थानीयसमेत रहनुभएका सगरमाथा आरोही शाहीको पहलमा अमेरिका निवासी एरिड हाइपियसले १५ हजार अमेरिकी डलर सहयोग गर्नुभएको छ ।

क्लबले विभिन्न व्यक्तिबाट चन्दा सङ्कलन गरेर एम्बुलेन्स खरिद गरेका छौं", वडाध्यक्ष शाहीले भन्नुभयो । रु २४ लाख ४० लाख खर्च भएको जनाउँदै रु २३ लाख सङ्कलन भएकामा बाँकी रकम स्थानीय नरेन्द्र शाहीले पछि क्लबबाट लिने गरी उपलब्ध गराउनुभएको उहाँले बताउनुभयो ।

भलायखर्क स्वास्थ्य चौकीको नामबाट एम्बुलेन्स खरिद गरेको क्लबले जनाएको छ । एम्बुलेन्स चालकका लागि सरोज भुजेललाई मासिक रु १५ हजार, एम्बुलेन्स चालक सुविधासहित रोजगारी दिइएको वडाध्यक्ष शाहीले बताउनुभयो ।


गाउँमा एम्बुलेन्स सञ्चालनमा आएपछि गम्भीर बिरामी पर्दा समयमै स्वास्थ्य चौकी तथा अस्पतालसम्म लैजानलाई सहज भएको स्थानीय बताउँछन् ।


## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# पहिलोपटक पूर्ण मन्त्रिपरिषद

प्रधानमन्त्री केपी शर्मा ओलीले पहिलो चरणमा नै सरकारलाई पूर्णता दिएका छन् । प्रधानमन्त्रीले सपथ ग्रहण गरे लगत्तै २१ जना मन्त्रीहरूले शपथ ग्रहण गरेपछि मन्त्रिपरिषद् पूर्ण बनेको छाप्रतिनिधिसभाका दुई ठूला दल मिलेर सरकारलाई स्थायित्व दिने र राष्ट्रिय सहमति जुटाउने वाचा गरेका थिएन । पहिलो चरणमै सरकारलाई पुर्णता दिएर जनतामा आशा जगाउने काम भएको छा प्रधानमन्त्रीमा दावी पेश गर्दा नै काङ्ग्रेस र एमालेका सांसदको समर्थन थियो । साना दललाई सधैं फकाउनु पर्ने बाध्यता ओली सरकारलाई नभएको कारण चारवटा दलहरूलाई मात्रै सरकारमा लगेका छन । कांग्रेस र एमालेसँगै जसपा र लोसपा सरकारमा जाँदा अन्य दल छुटेका छन् । २२ मन्त्रालय सबै भरिएकाले अब संविधानतः ३ जना राज्यमन्त्री मात्रै थप्न सकिन्छ । यसर्थ अन्य दलहरूको सरकारमा जाने सम्भावना करिब अन्त्य भएको छ । जनमत पार्टीलाई मधेस प्रदेशको मुख्यमन्त्रीमा सधाएका कारण संघीय सरकारमा ठाउँ नपाउदा पनि वितिहाल्ने अवस्था आउँदैन । नागरिक उन्मुक्ति र जसपा नेपाललाई कतै नकतै नसमेट्दा राजनीतिक झमेला आउन सक्छायसमा मन्त्रीको संख्या भन्दा प्रतिनिधित्वको प्रश्न महत्त्वपूर्ण हो ।

यसअघि सरकारको नेतृत्व गरेको माओवादी प्रतिपक्षमा रहने निश्चित थियो । चौथो ठूलो दल रास्वपाले पनि सरकारमा नजाने निर्णय गरिसकेको थियो । पाँचौ दल राप्रपाले कुनै निर्णय लिएको थिएन । उपेन्द्र यादवको जसपा नेपाल, जनमत र रेशम चौधरीको नाउपा सरकारमा जान इच्छुक थिए । राप्रपालाई सरकारमा लैजान ओलीले चासो नदिएको बुझिएको छ । कांग्रेस सभापति शेरबहादुर देउवाले राप्रपा नेतृत्वसँग संवाद गरिरहेका थिए । सरकारमा आउनुपर्छ भनिरहेका थिए । तर, औपचारिक रुपमा राप्रपालाई प्रस्ताव गएन जसपा नेपाल, जनमत र नाउपाले पनि सरकारमा भाग पाएनन् । कांग्रेस र एमालेबीच बलियो गठबन्धन निर्माण भइसकेपछि साना दलहरूलाई समेटिरहनुपर्ने बाध्यता ओलीलाई थिएन । साना दलहरूको बार्गेनिङ सहनु नपरेपछि ओलीले पहिलो चरणमै मन्त्रिपरिषद्लाई पूर्णता दिन सफल भए । यसअघि हरेक प्रधानमन्त्रीले पहिलो चरणमा सानो मन्त्रिपरिषद् विस्तार गरेर सरकारलाई औपचारिक दिने गर्थे । त्यसपछि पटक-पटक मन्त्रिपरिषद विस्तार हुने गरेको थियो । हरेकपटकको विस्तारमा लेनदेनको किचलो हुन्थ्यो । ओलीले त्यो झण्झट व्यहोर्नु नपर्ने भएको छ ।सरकारले पुर्ण गतिका साथ काम गर्ने अवस्था बनेको छाअब कुनै बाहनावाजी नगरी सुशासन र समृद्धिका लागि सरकारले काम गर्छ भन्ने सन्देश दिनु आवश्यक छ ।

२२ सदस्यीय मन्त्रिपरिषद्मा १२ जना पुराना र ९ जना नयाँ मन्त्री बनेका छन् । मन्त्रिपरिषद्मा नयाँ र पुरानाको समिश्रण देखिएको छ । पुराना मन्त्रीहरूमा भने दोस्रोपटक बन्नेदेखि १३ औं पटकसम्म दोहोरिने समेत छन । ओली नेतृत्वको यो मन्त्रिपरिषद्मा दुई उपप्रधानमन्त्री बनेका छन् । कांग्रेसबाट प्रकाशमान सिंह र एमालेबाट विष्णु पौडेल उपप्रधानमन्त्री बनेका छन् । सिंहलाई सहरी विकास र पौडेललाई अर्थमन्त्रालयको जिम्मेवारी दिइएको छ । सिंह र पौडेल विगतमा पनि पटक पटकमन्त्री भएका व्यक्ति हुन् । यो मन्त्रिपरिषद्मा दुई जना महिलामन्त्री बनेका छन् । कांग्रेसबाट आरजु राणा परराष्ट्रमन्त्री बनेकी छन् । एमालेबाट विद्या भट्टराई शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रि बनेकी छन् । दुवै जना पहिलोपटक मन्त्री बनेका हुन् । राणा प्रतिनिधिसभामा समानुपातिकबाट सांसद हुँदै हाल कृषि समितिको सभापति बनेकी थिइन् । भट्टराई कास्की २ बाट निर्वाचित सांसद हुन् । राणासँग विगतमा सामाजिक क्षेत्रमा काम गरेको अनुभव छ । भट्टराई त्रिविकी पूर्व उपप्राध्यापक हुन् । यसपटक कांग्रेस र एमालेले मन्त्रिपरिषद्मा ९ जना नयाँ अनुहार पठाएका छन् । कांग्रेसबाट परराष्ट्रमन्त्री आरजु राणा, वनमन्त्री ऐनबहादुर शाही, स्वास्थ्यमन्त्री प्रदीप पौडेल, पर्यटनमन्त्री बद्री पाण्डे र कृषिमन्त्री रामनाथ अधिकारी पहिलोपटक मन्त्री बनेका हुन् ।

उर्जामन्त्री दीपक खड्का र युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरी यसअघि राज्यमन्त्री बनेका थिए । राज्यमन्त्री बनिसकेकाले सरकारमा उनीहरू पहिलोपटक नभएपनि क्याबिनेट मन्त्रीको रुपमा पहिलोपटक छिरेका हुन् । कानुनमन्त्री अजय चौरसिया २०५८ सालमा स्थानीय विकास सहायक मन्त्री बनेका थिए । क्याबिनेट मन्त्रीको रुपमा चाहिँ उनी पनि पहिलोपटक छिरेका हुन् । एमालेबाट रक्षामन्त्री मनवीर राई, शिक्षामन्त्री विद्या भट्टराई, भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहाल र संघीय मामिला मन्त्री राजकुमार गुप्ता पहिलोपटक मन्त्री बनेका हुन् । प्रधानमन्त्री केपी शर्मा ओलीको मन्त्रिपरिषद्मा लोसपाका सांसद शरतसिंह भण्डारी श्रममन्त्रीमा नियुक्त गरेका छन् । योसँगै ६९ वर्षीय भण्डारी पञ्चायतदेखि गणतन्त्रसम्म आइपुग्दा १३औं पटक मन्त्री बनेका हुन् । अनुभवि लिने निहुँमा पंचायत देखि गणतन्त्र कालमा पनि उहीँ अनुहार ल्याउँदा दलित नसमेटीनु आलोचना गर्ने ठाउँ दिएकोछानेपाली उखान दाँतमा ढुङ्गा लाग्यो भन्ने अवस्था दलितलाई नसमेट्दा भएको छा काङ्ग्रेस र एमालेले पुर्ववर्ती सरकारको पद पछ्याउनु राम्रो होइन ।यसलाई सुधार गरेर सबैको भावना समेट्नु आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# उदिपुर पहिरो रोकथाम गरिँदै

**पोखरापत्र संवाददाता**
लमजुङ ३१ असार

सङ्घीय सरकारको रु ११ करोड १९ लाख बजेटमा उदिपुर देउरालीडाँडा पहिरो रोकथाम सुरु गरिएको छ । डुम्रे बैंसीसहर सडकखण्डअन्तर्गत बैंसीसहर नगरपालिका-१ उदिपुरमा पहिरो रोकथामका लागि पर्खाल निर्माण सुरु गरिएको हो ।

डुम्रे बैंसीसहर चामे सडक योजना कार्यालयका सूचना अधिकारी किरण पोखरलेले हालसम्म ७० प्रतिशत काम सम्पन्न भएको जानकारी दिनुभयो । हालसम्म टेवा, पर्खाल, ग्याबिन जाली लगाइएको र मर्स्याङ्दी नदीमा 'माइक्रो पाइल' निर्माण भइरहेको उहाँले बताउनुभयो । उहाँका अनुसार मर्स्याङ्दी नदीबाट सडकसम्म एक सय मिटर उचाइ र ८० मिटर लम्बाइको ग्याबिन जाली लगाइएको छ । अब तीन सय मिटर सडक कालोपत्र र सडकमाथि ८० मिटर उचाइ, ७० मिटर लम्बाइको पहिरो 'नेलिङ' गर्ने काम बाँकी रहेको उहाँको भनाइ छ । फेवा कन्ट्रक्सन प्राइभेट लिमिटेड कास्कीले उक्त योजना ठेक्का लिएको छ । कार्यालयका अनुसार सो कम्पनीले विसं २०७९ चैत १० गते सम्झौता तथा चैत १७ गतेदेखि काम थालेको योजना आगामी पुस २९ गतेसम्ममा सम्पन्न गर्ने सम्झैता म्याद छ । मौसमले साथ दिएमा निर्धारित समयमा काम सम्पन्न हुने बताइएको छ । सो स्थानमा विसं २०७८ असार १ गते र विसं २०७९ साउन ११ गते गएको पहिरोले सडक बगाएको थियो । सडक बगाएपछि लामो समयसम्म वैकिल्पक रूपमा नेपाली सेनाको ब्यारेक, रिठ्ठेबगर हुँदै उदिपुर बजार जोडिने ट्र्याक खोलेर सवारी सञ्चालन भएको थियो । ४२ किलोमिटर लामो यस सडकको ठुलो पहिरोको रूपमा उदिपुर रहेको छ ।

यो सडक हुँदै बैंसीसहरबाट डुम्रे तनहुँ, काठमाडौं, पोखरा, चितवन र बैंसीसहर साथै हिमाली जिल्ला मनाङ जाने यात्रुहरू यात्रा गर्ने गर्दछन् । छिमेकी जिल्ला तनहुँको डुम्रे बजारबाट विसं.२०२९ मा खन्न सुरु गरिएको यो सडक बैंसीसहरसम्म ४२ किलोमिटरसम्म जोड्न १५ वर्ष लागेको थियो । विसं २०४६ मा ट्र्याक खुलेसँगै विसं २०५२ देखि सिङ्गल लेनको कालोपत्र थालिएको थियो । चार वर्षमा ४२ किलोमिटर सडक कालोपत्र भएको थियो । त्यसयता सडक स्तरोन्नति र मर्मत हुनुको सट्टा बर्सेनि जाने पहिरोले सडक अवरुद्ध हुँदा यात्रुले हैरानी भोग्दै आएका थिए ।

# गहुँतबाट मल र जैविक विषादी

**पोखरापत्र संवाददाता**
म्याग्दी ३१ असार

यहाँको अन्नपूर्ण गाउँपालिका-६ घारको बिरौटाका किसानले गहुँतलाई मल र जैविक विषादीको रूपमा प्रयोग गरेका छन् । धौलागिरि बहुउद्देश्यीय कृषि तथा पशुपक्षी फार्ममा पालिएका गाईभैंसीको गहुँतबाट मल र जैविक विषादी बनाइ प्रयोग गरिएको हो । फार्म सञ्चालक शिव खड्काले गहुँतको सदुपयोग गरिएको बताउनुभयो ।

"चौबिस वटा गाईभैंसीको गहुँत पोखरीमा सङ्कलन गरी पानी मिसाएर पाइपमार्फत पाखोबारीको सुन्तला बगैंचामा लगेका छौँ," उहाँले भन्नुभयो "सुन्तलाका बिरुवाका लागि मल किन्न परेको छैन ।" गहुँतको सदुपयोगले जैविक विषादीको काम गरेकाले दोहोरो फाइदा पुगेको उहाँको भनाइ छ । शिव र उहाँका दाजु कृष्णबहादुरले सञ्चालन गरेको कृषि फार्ममा दूध उत्पादनका साथै च्याउ, सुन्तला र कागती खेती छ । विदेशको जागिर र सदरमुकाम बेनीको व्यवसाय छाडेर गाउँ फर्केका खड्का दाजुभाइले बाँझो पाखोबारीमा चार सय बोट सुन्तला र एक सय बोट कागती लगाएका छन् । गाईभैंसीको दूधबाट आम्दानी गरिरहनुभएका उहाँहरूले मल र गहुँत सदुपयोग गरी खर्च बचाउनुभएको छ । पानी मिसाएर पाइपबाट बिरुवाको फेदमा सिँचाई गर्दा गहुँतले आवश्यक पौष्टिकतत्व आपूर्ति भई छिटो हुर्किएको र रोगकीराको समस्या नदेखिएको उहाँहरूको अनुभव छ । "सुन्तला बगैंचाको खाली ठाउँमा लगाइएको सुडान, मकैचरी, सुपर नेपिएर, नेपिएर जातका घाँस छिटो हुर्किएको छ," उहाँले भन्नुभयो "सुन्तला, घाँस, च्याउखेती र गाईभैंसीपालनका लागि गाउँपालिका र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले सहयोग गरेको छ ।"

परियोजनाले कृषि तथा पशुपक्षी उद्यमशीलता विकास कार्यक्रममार्फत फार्मको क्षमता विकास गरी सुधारिएको गोठ निर्माण गर्न चालु आर्थिक वर्षमा रु चार लाख, अन्नपूर्ण गाउँपालिकाले च्याउ खेतीका लागि प्लास्टिक घर बनाउन अनुदान र निःशुल्क घाँसको बीउ उपलब्ध गराएको छ । खड्का दाजुभाइले सुन्तला खेतीमा गरेको गहुँतको प्रयोग नयाँ भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले बताउनुभयो ।

"गहुँतमा गोबर मलको तुलनामा नाइट्रोजन, फस्फोरसलगायत तत्व बढी पाइने भएकाले सदुपयोग गर्न सकेमा राम्रो लाभ लिन सकिन्छ," उहाँले भन्नुभयो, "सिधैं प्रयोग गर्दा बिरुवा हस्किएर क्षति हुन सक्छ । पानीमा मिसाएर ठिक्क मात्रामा प्रयोग गर्दा राम्रो हुन्छ ।"

दैनिक एक सय ४० लिटर दूध उत्पादन हुने फार्ममा खड्का परिवारका छ सदस्य स्वरोजगार बन्नुका साथै थप दुईले रोजगार पाएका छन् । बिरौटाका अन्य किसानले उत्पादन गरेको दूध बजारीकरण गर्न खड्का दाजुभाइले गाउँपालिकाको केन्द्र पोखरेबगरमा डेरी सञ्चान गरेका छन् । पोखरेबगर, भुरुङ-तातोपानी, नारच्याङका साथै बेनी बजारमा दूध बिक्री हुने गरेको छ । अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले अन्नपूर्णको घराम्दी, राम्चे, नागी, खिवाङलगायत ठाउँका किसानले गाईभैंसीको गहुँतको सदुपयोग गरेको जानकारी दिनुभयो । किसानले उत्पादन गरेको कृषि उपज बजारीकरणका लागि कृषि एम्बुलेन्स सञ्चालनको तयारी गरेको उहाँले बताउनुभयो ।

# सृजना मा.वि.का छात्राहरू पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार

पोखराको सृजनाचोक स्थित सृजना सेकेन्डरी स्कुलको कक्षा ८ मा अध्ययनरत प्रतिभावान छात्राहरू राजश्री अधिकारी र सक्रिया पोखेल राष्ट्रिय खेलकुद प्रतियोगितामा बिजेता भई पुरस्कृत भएका छन् ।




प्रदेश खेलकुद परिषद गण्डकीले पोखरामा शनिवार एक कार्यक्रम आयोजना गरी गण्डकी प्रदेशका विभिन्न तीन राष्ट्रिय खेलकुद प्रतियोगिताका बिजेता १७८ जना खेलाडीहरुलाई पुरस्कृत गरेको थियो । यसै क्रममा सृजना सेकेन्डरी स्कुलका छात्राद्वय राजश्री अधिकारी र सक्रिया पोखेल नगद पुरस्कारसहित प्रशंसा पत्रद्वारा सम्मानित भएका हुन् । राष्ट्रिय खेलकुद परिषद र गण्डकी प्रदेश खेलकुद परिषदको आयोजनामा सञ्चालित यु-१५ विद्यालयस्तरीय खेलकुद प्रतियोगिता-२०८० मा गण्डकी प्रदेशको तर्फबाट टेबलटेनिस खेल प्रतियोगितामा सहभागी भएर तृतीय स्थान हासिल गरी कास्यपदक प्राप्त गर्न सफल भएकोमा गण्डकी प्रदेश खेलकुद परिषदले बिजेता खेलाडीहरुलाई पुरस्कृत गरेको हो । गण्डकी प्रदेशका मुख्यमन्त्री एवम् प्रदेश खेलकुद परिषदका संरक्षक सुरेन्द्रराज पाण्डे, गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री बिन्दु कुमार थापा, प्रदेश खेलकुदका उपाध्यक्ष धोज कुमार गुरुङलगायतले खेलाडीहरूलाई नगद पुरस्कारसहित प्रशंसा पत्रले सम्मान गरेका थिए ।

गण्डकी प्रदेशका मुख्यमन्त्री पाण्डेले खेलाडीहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै प्रदेश सरकार खेलकुद विकासका लागि प्रतिबद्ध रहेको कुरा बताए । आफ्नो सिमित स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै खेलकुदको जग बलियो बनाउन गण्डकी प्रदेश सरकार अघि बढेको बताए ।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका सामाजिक तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापा, प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव प्रकाश पौडेल, परिषदका सदस्य सचिव श्रीधर शर्मालगायतले आपन्ना भनाइहरु राखेका थिए । सृजना सेकेन्डरी स्कुलका प्रतिभावान छात्राहरू राजश्री अधिकारी र सक्रिया पोखेल यु-१५ टेबुलटेनिस प्रतियोगितामा गण्डकी प्रदेश प्रथम भई यस अघि पनि पुरस्कार र प्रशंसापत्रद्वारा सम्मानित भएका थिए ।


## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८१/०४/०१

पोखरा महानगरपालिका वडा नं.१२/१३ मा अवस्थित यस धार्मिक संस्था श्री गणेश भद्रकाली मन्दिर क्षेत्रमा लामो समय अगाडि मिति २०५०/०५१ सालदेखि बस्दै आउनु भएका शन्त साधु चेतन गिरी महाराजको मिति २०८१ आषाढ ४ गते मन्दिर क्षेत्र परिसरमा रहेको कुटीमा वृद्ध अवस्था भै आफ्नै कालगतीले करिव ८३ वर्षको उमेरमा देहावसान भएको र सोही दिन मन्दिर व्यवस्थापन समिति तथा छरछिमेकी सुभचिन्तक सहित विभिन्न मठमन्दिर धर्मशाला आश्रमहरुवाट आउनु भएका साधु सन्तहरुको समुपस्थितीमा नागा साधु संस्कार अनुसार रामघाट स्थित सेती नदीको किनारमा जल समाधीमा राखी अन्तिम संस्कार गरिएको साथै दिवंगत आत्माको चिरशान्तिको लागि मिति २०८१/०३/१९ गते १६ औं दिनको पुण्य तिथिमा सोडसी संस्कार दान कर्म र भण्डारा लगाई शुद्धाशुद्धि कार्यक्रम पनि गरिसकिएको हुँदा मन्दिर व्यवस्थापन समितिलाई पोखरा महानगरपालिकाबाट मृत्यु दर्ता प्रमाण पत्र आवश्यक परेको हुँदा सर्वसाधारण सहित आफन्तजनहरुको जानकारीको लागि यो सूचना सार्वजनिक गरिएको छ । यदी उहाँसँग सम्बन्धित आफन्तजनहरु हुनुहुन्छ भने यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र मन्दिर व्यवस्थापन समितिमा लिखित रुपमा निवेदन सहित सम्पर्क राख्नुहुन हार्दिक अपिल सहित अनुरोध गर्दछौं । अन्त्यमा कालिमाताले हामी सबैको कल्याण गरुन्

धन्यवाद ।

**अनुरोधक**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर, पोखरा-१२/१३**



## एस. आर. के. सी. क्याटरिङ सर्भिस (Branch Unit) को पार्टि प्यालेस निर्माण तथा संचालनको संक्षिप्त वातावरणीय अध्ययनको सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१/०४/०१)

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ११ मा एस.आर.के.सी. क्याटरीङद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | एस.आर.के.सी. क्याटरीङ, पोखरा महानगरपालिका, वडा नं. ११ |
| प्रस्तावको व्यहोरा | एस.आर.के.सी.क्याटरिङ सर्भिस (Branch Unit) को पार्टि प्यालेस निर्माण तथा संचालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका | पोखरा महानगरपालिका, वडा नं.११ |
| कित्ता नं. | ६ |

उपरोक्त प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक–आर्थिक तथा साँस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन् अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

१. श्री पोखरा महानगरपालिका, ११ नं. वडा कार्यालय, फोन नं. ०६१–५२०५२६
२. श्री एस.आर.के.सी. क्याटरीङ, पोखरा महानगरपालिका, वडा नं. ११, फोन नं. ९८५६०६३७१५
३. श्री ग्रिनहेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा. लि., नयाँ बानेश्वर, काठमान्डौं फोन नं. ९८४६४०४११८

# पर्वतमा एचआइभीका सङ्क्रमित बढ्दै, क्षयरोगका घट्दै

**पोखरापत्र संवाददाता**
पर्वत, ३१ असार

सरुवा रोगको सङ्क्रमण न्यूनीकरणमा बर्सेनि विभिन्न अभियान सञ्चालन गरिए पनि पर्वतमा प्रभावकारी हुन सकेको छैन ।

जिल्लास्थित स्वास्थ्य कार्यालयका अनुसार चालु आर्थिक वर्षमा पर्वतमा क्षयरोगका ५५, एचआइभी एड्सका १३ र कुष्ठरोगका छ जना नयाँ बिरामी थपिएका छन् ।

चालु आवको सुरुदेखि हालसम्म उक्त सङ्ख्यामा नयाँ सङ्क्रमित थपिएका स्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार अनुसार आव २०७९/८० मा क्षयरोगका कूल ७७ जना नयाँ बिरामी फेला परेकामा चालु आवमा उक्त यो सङ्ख्या घटेर ५५ मा झरेको हो । थपिएका बिरामीमध्ये मोदी गाउँपालिकामा छ, जलजला र महाशिला गाउँपालिकामा दुई/दुई, कुश्मा नगरपालिकामा १५, फलेवास नगरपालिकामा चार, बिहादी गाउँपालिकामा पाँच र पैयुँ गाउँपालिकामा २१ जना रहेका स्वास्थ्य कार्यालयले जनाएको छ । क्षयरोगको सङ्क्रमणले फोक्सोलाई असर गर्ने र यो हावाका माध्यमबाट सर्ने भएकाले बिरामीले खोक्दा, हाछ्यूँ गर्दा वा थुक्दा ध्यान पुर्‍याउनुपर्ने शर्माले बताउनुभयो । उहाँका अनुसार यसको कुनै पनि शङ्का भएमा तुरुन्तै स्वास्थ्य संस्थामा जानुपर्दछ। जिल्लामा भेटिएका सङ्क्रमितलाई नियमित रूपमा औषधि सेवन गराइएको भन्दै शर्माले लगातार छ महिनासम्म औषधि खाए रोग पूर्ण रूपमा निको हुने जानकारी दिनुभयो । "स्वास्थ्य संस्थामा औषधि निःशुल्क पाइन्छ, तर लापरबाही गरेर बिचमा औषधि छाड्ने वा भाग्ने गरेमा निको हुदैन । यस्तो अवस्थामा अरूलाई रोग सारेमा अरूलाई पनि औषधिले काम नगर्ने गरी सङ्क्रमण फैलिने जोखिम हुने भएकाले सङ्क्रमितले नियमित औषधि सेवन गर्न अनुरोध गर्दछौँ", उहाँले भन्नुभयो । जिल्लामा अघिल्लो आर्थिक वर्षसम्म एक सय १२ जनामा एचआइभी एड्सको सङ्क्रमण रहेकामा चालु आवमा १३ जना सङ्क्रमित थपिएका छन् । स्वास्थ्य कार्यालयका अनुसार योसँगै जिललामा सङ्क्रमितको सङ्ख्या एक सय २५ पुगेको छ । थपिएकामध्ये जलजला गाउँपालिकामा एक, कुश्मा नगरपालिकामा पाँच, फलेवास नगरपालिकाका चार र पैयुँ गाउँपालिकामा तीन जना छन् । एचआइभीको लक्षण देखिएका कोही पनि खुलेर नआउने भन्दै पुष्टि भएकाहरूलाई घरमा लगेर औषधि दिने गरिएको कार्यालयका प्रमुख शर्माले बताउनुभयो । विभिन्न सङ्घसंस्थाले पनि एचआइभी एड्सको न्यूनीकरणमा काम गर्दै आएका छन् । यसैगरी यसवर्ष मोदी गाउँपालिकामा एक, जलजला गाउँपालिकामा चार र फलेवास नगरपालिकामा एक जना कुष्ठरोगका नयाँ बिरामी फेला परेका छन् । आव २०७९/८० मा मात्रै जिल्लामा १५ जना कुष्ठरोगका बिरामी फेला परेकामा अहिले यो सङ्ख्या केही घटेको पाइएको शर्माले जानकारी दिनुभयो । कुष्ठरोगको औषधि पनि सरकारले निःशुल्क रूपमा उपलब्ध गराउँदै आएकाले सबैले नियमित औषधि सेवन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# विपद्जन्य घटनामा परी मृत्यु हुनेको सङ्ख्या एक सय १३ पुग्यो

**रासस**
काठमाडौं, ३१ असार

देशका विभिन्न स्थानमा वर्षापछि आएको बाढी, पहिरोलगायतका विपद्मा परी गत जेठ २८ यता एक सय १३ जनाको मृत्यु भएको छ ।

बाढी, पहिरोलगायत विपद्मा परी काठमाडौँ उपत्यकामा दुई, कोशी प्रदेशमा २०, मधेस प्रदेशमा पाँच, बागमती प्रदेशमा १३, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा चार र सुदूरपश्चिम प्रदेशमा आठजनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीकानुसार उपत्यकामा आठ, कोशी प्रदेशमा ३१, मधेस प्रदेशमा नौ, बागमती प्रदेशमा सात, गण्डकी प्रदेशमा २८, लुम्बिनी प्रदेशमा नौ, कर्णाली प्रदेशमा १६ र सुदूरपश्चिम प्रदेशमा ११ गरी एक सय १९ जना घाइते भएका छन् । अहिलेसम्म सिमलताल घटनाबाहेक सात जना बेपत्ता रहेका प्रहरीले जनाएको छ । उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार छ सय ३० घरपरिवार विस्थापित भएका प्रहरीले जनाएको छ ।

# स्व. भिमबहादुर विश्वकर्मा अक्षय कोष स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ असार



विश्वकर्मा समाज (पर्वत स्याङ्जा कास्की)को संरक्षणमा स्व भिमबहादुर विश्वकर्मा स्मृति कोष स्थापना गरिएको छ ।

समाजका आजीवन सदस्य पोखरा-८ न्युरोड प्रेम मार्ग निवासी कृष्णबहादुर विश्वकर्मा, काजी विश्वकर्मा र शिव विश्वकर्माका दाजु स्व.भिमबहादुर विश्वकर्माको नवौ दिनको पुण्य तिथिका अवसरमा समाजद्वारा श्रद्धाञ्जली सभाको आयोजना गरिएको थियो । परिवारको चाहना अनुसार गरिव असाहाय बाल बालिकाहरुलाई अध्ययन गर्न केही सहयोग पुगोस भनी कोषको स्थापना गरिएको कृष्णबहादुर विश्वकर्माले बताउनुभयो । समाज स्थापना गर्नुको उद्देश्य माथि प्रकाश पार्दै अध्यक्ष चन्द्र किशोर गौतमले समाज स्थापना गरे सँगै विभिन्न सामाजिक कार्यमा जोड्दै बिस्वास बटुल्दै गएको बताउनु भयो । उहाँले समाजका गतिविधिलाई सिर्जनात्मक रुपमा अगाडि बढाई बाढी पहिरो भुकम्प जस्ता दैबि प्रकोपमा सहयोग गर्नुका साथै दुर्घटनामा परेका बिरामीलाई सहयोग गर्ने गरेको बताउनु भयो । समाजले अस्पतालमा उपचार गर्न नसकेका बिरामीलाई आर्थिक सहयोग पुर्‍याएको, रगतको अभावमा ज्यान गुमाउन नपरोस भनि रक्तदान कार्यक्रम को आयोजना गरिएको बताउनुभयो । शिक्षा मार्फत यस समुदायका बालबालिकालाई प्रोत्साहन गर्न सम्मान कार्यक्रम गरिदै आएको साथै समुदायका विभिन्न विधामा रहेका ब्यक्तित्वहरुलाई उत्साह थप्न सम्मान अभिनन्दन गरिदै आएका पनि अध्यक्ष गौतमले बताउनुभयो । स्मृति कोषले असाहाय गरिव जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन स्वरुप आम्सिक छात्रवृत्तिको ब्यवस्थापन गर्न सहज पुग्नेछ । परिवारद्वारा स्थापित रु. २५०००/- लाई ५ लाख पुर्‍याउने लक्ष्य राखि अभियान चलाउने बताउदै अध्यक्ष गौतमले सबै बिस्वकर्मा समुदायलाई एकताबद्ध हुन आग्रह समेत गनुभयो ।

श्रद्धाञ्जली सभामा महाशिला गाउँपालिका-६ का पूर्व वडा अध्यक्ष रामबहादुर सुनार, बरिष्ठ सल्लाहकार दुर्गा बहादुर सुनार, सल्लाहकार पाराश्वर सुनार महलाल बिश्वकर्मा, हरि बराईली सुनार लगायत ब्यक्तिहरुको उपस्थित रहेको थियो । कार्यक्रम संचालन सचिव खडक बहादुर सुनारले गर्नुभएको थियो भने धन्यवाद ज्ञापन परिवारको तर्फबाट तोलाकान्त सुनारले गर्नुभएको थियो ।

# बागलुङ ट्राफिकद्वारा एक करोड बीस लाख राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ असार

जिल्ला ट्राफिक प्रहरी कार्यालय बागलुङले एक वर्षमा एक करोड बीस लाख ९३ हजार पाँच सय राजस्व सङ्कलन गरेको छ । चालु आर्थिक वर्षमा सङ्कलित उक्त राजस्व हालसम्मकै धेरै हो । पछिल्लो तीन वर्षयता राजस्व सङ्कलन बढ्दो क्रममा छ । आव २०७८/७९ मा ६९ लाख ९८ हजार पाँच सय राजस्व सङ्कलन गरेकामा गत आवमा एक करोड १८ लाख १० हजार सङ्कलन भएको थियो । चालु आवमा ट्राफिक प्रहरीले सबैभन्दा धेरै कार तथा जीप र सबैभन्दा कम बस चालकलाई कारबाही गरेको छ । सात हजार दुई सय ९५ कार तथा जीप र एक हजार एक सय ५६ बस चालकलाई कारबाही गरेको हो ।

जिल्ला ट्राफिक कार्यालय प्रमुख सुमन निउरेका अनुसार यो अवधिमा पाँच हजार ११ मोटरसाइकल, एक हजार चार सय आठ ट्र्याक्टर, एक हजार दुई सय ६६ ट्रक तथा टिप्पर र एक सय ५५ अन्य सवारी चालक कारबाहीमा परेका छन् । एक वर्षमा जिल्लामा १६ वटा दुर्घटना भएको निउरेले जानकारी दिनुभयो । एक बस, आठ जीप तथा कार, ट्र्याक्टर, टेम्पो एक/एक, मोटरसाइकल सात वटा दुर्घटनामा परेका थिए । एक वर्षमा दुर्घटनामा १६ जनाको मृत्यु भएको छ । ४२ जना घाइते भएका छन् । गत वर्ष २४ सवार ीसाधन दुर्घटना हुँदा १३ जनाको मृत्यु भएको थियो । ट्राफिक प्रमुख निउरेले दूर्घटना न्यूनिकरण सम्बन्धि जनचेतनामुलक कार्यक्रम प्रभावकारी बनाउनुका साथै ट्राफिक नियमलाई कडाईका साथ पालना गराउँदा यसवर्ष दुर्घटना कम भएको बताउनुभयो ।


## पोखरा महानगरपालिका भएर बग्ने विभिन्न खोलाको बगर क्षेत्रबाट दिगो रूपमा ढुंगा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०१)

**गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिकामा पोखरा महानगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।**

| प्रस्तावको नाम तथा ठेगाना | पोखरा महानगरपालीका, नगर कार्यपालिकाको कार्यालय, न्यू रोड, पोखरा, कास्की | | | | | |
|---|---|---|---|---|---|---|
| प्रस्तावको ब्यहोराः पोखरा महानगरपालिकामा भएर बग्ने विभिन्न खोलाको विभिन्न घाट बाट ढुंगा, गिट्टी तथा वालुवा नदि जन्य पदार्थ संकलन/उत्खनन् गर्ने | घाटको नाम | प्रभावित वडाहरु | नदी/खोला नाम | घाटको नाम | प्रभावित वडाहरु | नदी/खोला नाम |
| | ढावा घाट | १९ | सेती | सिसौघारी घाट | ३३ | सेती |
| | गाई घाट | १ | सेती | लामागादी घाट | ३३ | सेती |
| | दशखेत घाट | १९ | सेती | द्धार कस्यार घाट | २१ | सेती |
| | तुलसीतारा घाट | २५ | सेती | भेडीफाराम घाट | १४ | सेती |
| | पुरन्चौर नयाँघाट | १९, २५ | सेती | गाउँखर्क ओखलढुंगा घाट | १४, ३३ | विजयपुर/सेती |
| | पुरन्चौर ढोडेनीघाट | १९, २५ | सेती | मोरे खहरे घाट | २७ | सेती |
| | रुद्रमहादेव घाट | १९, २५ | सेती | चमेरे घाट | ३३ | सेती |
| | गजेर घाट | २५ | सेती | गढी घाट | ३२ | सेती |
| | गोस्ते लामाचौर घाट | १९ | सेती | तल्लो पुडीघाट | ३२, ३३ | सेती |
| | तल्लो गोस्त घाट | १६, १९ | सेती | उपल्लो पुडीघाट | ३३ | सेती |
| | सहस्धारा घाट | २५ | सेती | तल्लो खेतघाट | ३३ | सेती |
| | याम्दी घाट | २५ | सेती | रातोपैरो खोरीघाट | ३३ | सेती |
| | लालटीन बजार घाट | १ | सेती | काँहुखोला घाट | ११, १३, २८ | काँहुखोला |
| | सुइखेतखोला घाट | २५ | सुइखेत | विजयपुर खोला घाट | १३, २६, २८ | विजयपुर |
| | पशुपती घाट बाँया किनार | २९ | सेती | रामघाट | ९, १०, ११ | सेती |
| | पशुपती घुमाउरे घाट | ३३ | सेती | नारायणस्थान घाट | ३६, ११ | सेती |
| | मुसेटुडा सैनीक घाट | २९ | सेती | | | |
| प्रभाव पर्न सक्ने जिल्ला/ न.पा. | कास्की जिल्ला, पोखरा महानगरपालिका | | | | | |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न पोखरा महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

### राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः

१. पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, न्यूरोड, पोखरा, कास्की फोन नं. ०६१–५२११०५,
इमेलः info@pokharamun.gov.np

२. जुनीपर इन्भाइरोमेन्टल एण्ड रिसर्च कन्सल्टेन्ट प्रा.लि., काठमाण्डौं
इमेलः geecnepal@gmail.com फोन नं. ९८६०६९४८१३



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः २०२८/०४/२१ गते

स्व. भिम बहादुर विश्वकर्मा

स्वर्गारोहणः २०८१/०३/२३ गते

नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेश कोभिड हेल्प डेक्स समितिका सदस्य कृष्ण बहादुर विश्वकर्मा, काजी विश्वकर्मा र शिव विश्वकर्माका दाजु **भिम बहादुर विश्वकर्मा** को ५३ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज दशौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

| मन बहादुर लामगादे | रविन वि. क. | कृष्ण बहादुर विश्वकर्मा | चन्द्र किशोर गौतम |
|---|---|---|---|
| सचिव | उपसभापति | उपसभापति | सभापति |

एवम्

**नेपाल सुनचाँदी व्यवसायी महासंघ परिवार**
**गण्डकी प्रदेश पोखरा-१०**